क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ७२, २०८२ भदौ ९ गते सोमबार (25 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## उत्तराखण्ड बाढी पीडित भन्छन्, ‘घर आउने भाडा नहुँदा पनि जेनतेन आयौं’

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ भदौ**

भारत उत्तराखण्डको उत्तरकाशी जिल्लाको हर्षिल क्षेत्रमा पर्ने धरालीको बाढीमा बेपत्ता भएकाहरुका आफन्त नेपाल भित्रिएका छन् । बाढीका कारण बेखर्ची भएका उनीहरु कतै पैदल त कतै गाडीमा यात्रा गरेर यहाँ पुगेका हुन् ।



धरालीमा तीन साताअघि ‘क्लाउड ब्रस्ट’ पछि खीर गंगा नदीमा आएको बाढीमा परेर बेपत्ता भएका कैलाली टीकापुर ८ का रमेश बुढा र उनकी श्रीमती प्रियाका परिवार आइतबार घर पुगेका हुन् । बेपत्ता भाई बुहारीको हरिद्वारमा किरिया गरेर उनीहरु गड्डाचौकी नाका हुनै घर फर्किएका हुन् । घर सम्म पुग्ने समेत खर्च नभएका उनीहरुलाई गैर सरकारी संस्था निड्स नेपालले सहयोग गरेर घर पठाएको छ । निड्सले उनीहरुलाई घरसम्म पुग्ने र बाटोमा खाने व्यवस्था गरेर पठाएको हो ।

‘रोजगारी गर्न गएका हामीहरु परिवारका सदस्य पनि गुमायौं, ज्याला मजदुरी गरेको पैंसा पनि सबै बाढीले लग्यो,’ बेपत्ता बुढाका दाई प्रकाशले भने, ‘विपद्का बेला बिरानो ठाउँमा हामीलाई सहयोग गर्ने पनि कोही भएन, त्यहाँको सरकारले बेपत्ता भएका आफ्ना नागरिकका परिवारलाई ५ लाख दिने भनेको छ, हाम्रोबारे कसैले सोधी खोजी पनि गरेनन् ।’

उनका अनुसार धरालीमा बेपत्ता भएका आफन्त र अन्य नेपाली कामदार सबै घर फर्किएको बताए । धरालीको बाढीमा परेर २१ नेपालीसहित ६८ जना बेपत्ता छन् । हालसम्म एक जना स्थानीयको मात्रै शव भेटिएको छ । अन्य बेपत्ता भेटिने सम्भावना समेत छैन । त्यहि भएर आफन्तहरू घर फर्केर किरिया गर्न थालेका हुन् ।

बुढा परिवारले पनि रमेश र प्रियाको हरिद्वारमै कुशको पुत्ला बनाएर अन्तिम संस्कार संगै किरिया समेत गरेर फर्केका हुन् । ‘अब दुई/चार महिना घरमै बस्छु, उतातिर पनि काम केही छैन,’ प्रकाशले भने, ‘अवस्था सहज भएपछि फर्किनुपर्छ ।’

उनीसँगै धरामीमा काम गरिरहेका श्रीमती पार्वती भाई तपेन्द्र, काका झुसे लगायत ११ जना घर फर्किएका छन् ।

## विद्यालय शिक्षा ऐन बिरुद्ध निजी विद्यालयका संचालक मात्रै होईन, शिक्षक कर्मचारीपनि आन्दोलनमा

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ भदौ**

सरकारले ल्याउन लागेको विद्यालय शिक्षा ऐन बिरुद्धमा निजी विद्यालयका संचालक निरन्तर आन्दोलनमा होमिएका छन ।

निजी विद्यालयका संचाल मात्रै होईन शिक्षक, कर्मचारी पनि आन्दोलनमा उत्रिएका छन । सरकारले ल्याएको शिक्षा ऐनमा निजी विद्यालयका शिक्षक, कर्मचारीको भविष्य बारे केही उल्लेख गरेका छैनन । स्वयम शिक्षा ऐनकै माग अघि सारेका सरकारी विद्यालय शिक्षक समेत असन्तुष्ट भएर संघर्षमै छन ।

संघीय संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधी समितिबाट पारित गरिएका केही बुँदाहरुमा असहमती जनाएर निजी विद्यालयका संचालक मात्रै होईन शिक्षक, कर्मचारी सहित सरकारी शिक्षक पनि आन्दोलनमा होमिएका छन ।

निजी विद्यालयका संचालकहरुको साझा संगठन प्याब्सन, एनप्याब्सन सहित हिसान र अपेन सहित आन्दोलनमा होमिएका हुन । गत बिहीबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधी समितिबाट विद्यालय शिक्षा ऐन पारित भएपछि कञ्चनपुर सहित देशभर निजी विद्यालयहरु साझा संगठन प्याब्सन र एन प्याब्सनले संयुक्त रुपमा आन्दोलन थालेको जनाएका छन । विधेयकमा निजी विद्यालय क्रसम गैर नाफामुलक बनाईनेछ । पूर्ण छात्रबृति राखेपछि प्याब्सन र एनप्याब्सनले उक्त बुद्दा खारेजीको माग

-बाँकी सामाचार पृष्ठ ४ मा

## कञ्चनपुर कारागारमा क्षमता भन्दा तेब्बर बढी कैदीबन्दी

### पञ्चायतकालिन पुरानो भवन, जमिन ५ विगाह

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ भदौ**

कञ्चनपुर कारागारमा क्षमता भन्दा तेब्बर बढी कैदीबन्दी रहेका छन । ६ दशक अघि बनेको कारागार भवन जिर्णत्तर देखि क्षमता भन्दा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा समस्या भएको छ ।

०२३ सालमा निर्माण भएको पहिलो कारागार भवनमा २० महिला, ७५ पुरुष सहित ९५ कैदीबन्दी क्षमताको कारागारमा साढेचारसय बढी कैदीबन्दी रहेका छन । दुई बर्ष अघि मात्रै नयाँ भवन निर्माण भएपछि थप ६५जना अटने क्षमता विस्तार भएको छ ।

गत भदौं अन्तिम साताको तथ्याङ्क अनुसार अहिले २० महिला सहित १ सय ४० गरेर १ सय ६० क्षमता रहेको कारागारमा ४ सय ७५ कैदीबन्दी रहेका छन । केही निश्चित मुद्दामा प्यारोल सुविधामा हालसम्म ४६ कैदीबन्दी छुटेका छन । कारागारको तथ्याङ्क अनुसार सबैभन्दा बढी लागु औषध १सय ७८, कर्तव्य ज्यान ५७, मानबबेचबिखन १९, जबर जस्तीकरणी ९९, चोरी ६७, ज्यान मार्ने उद्योग ७, ठगी ३, बैकिङ्ग कसुर ७, वन २, सार्वजनिक अपराध ६ सवारी ज्यान ८, बन्यजन्तु १, बहुविवाह ११, विवित ७ कैदीबन्दी रहेका छन ।

कारागारको नाममा ५ विगाह जमिन छ, जमिन प्रर्याप्त हुँदा हुँदै पनि भवन निर्माणमा सरकारले चासो दिएको छैन । कारागार कार्यालय कञ्चनपुरका निमित्त प्रमुख रामदत्त जोशीले क्षमता भन्दा तीन गुना बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या भएको बताए ।

‘हामीले उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरेर व्यवस्थापन गरेका छौं, ‘उनले भने, ‘नयाँ भवन निर्माणका लागि हामीले डिपिआर बनाएर विभागमा पठाएका छौं ।’ उनले १५ सय क्षमताको भवन निर्माणका लागि पठाएको बताए । आइतबार कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशी, जिसस प्रमुख दुर्गादत्त बोहरा, नेपाल पत्रकार महासंघ अध्यक्ष सुरेश सिह धामी, अधिकारकर्मी भगवती थापाले स्थलगत अनुगमनका क्रममा कैदीबन्दीले कारागारमा थुप्रै समस्या रहेको दर्शाएका थिए ।

उनीहरु समक्ष कैदीबन्दीले बस्ने भवन, शौचालय, शुद्ध खानेपानीको माग अघि सारेका थिए । माफी मिनाह प्यारोल जस्ता सुविधा सबै मुद्दाका कैदीबन्दीहरुलाई समान सुविधा दिनुपर्ने, कैदीबन्दीमाथि आश्रित बालबालिकाको उचित व्यवस्था गर्नुपर्ने माग अघि सारेका छन ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले कारागार सुरक्षाका लागि प्रशासन सहित सुरक्षा निकाय तैनाथ रहेको बताए । प्रजिअ ढकालले अन्यन्त्र कारागार जस्तो कञ्चनपुरमा अवस्था जटिल नभएको दावि गर्दै कुनै समान्य समस्या आए तुरुन्तै समाधानका लागि त्यही अनुरुप तयारी रहेको बताए ।

साक्षर समाज-सक्षम राष्ट्र ।

शिक्षाः

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## “फोर्टी अन्डर ४०” मा होर इ-स्पोर्ट्र्सका संस्थापक तथा ओनर सञ्जन गौतम सम्मानित




होर इ-स्पोर्ट्र्सका संस्थापक तथा ओनर सञ्जन गौतमलाई नेपालमा ई-स्पोर्ट्र्सको विकास र पहिचानमा पुर्याएको उल्लेखनीय योगदानका लागि अनलाइनखबरले आयोजना गरेको “फोर्टी अन्डर ४०” कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मान गरेका छन् । यो सम्मान ४० वर्षमुनिका विभिन्न क्षेत्रमा प्रेरणादायी योगदान पुऱ्याउने ४० व्यक्तिलाई प्रदान गरिन्छ ।

गौतमको नेतृत्वमा होर इ-स्पोर्ट्र्सले हालै सम्पन्न पब्जी मोबाइल वर्ल्ड च्याम्पियनसिप (PMWC २०२५) मा नेपालको प्रतिनिधित्व गर्दै नवौं स्थान हासिल गऱ्यो । यससँगै टिमले करिब १ करोड ७८ लाख रूपैयाँ नगद जित्यो, जुन नेपाली ई-स्पोर्ट्र्स इतिहासकै अहिलेसम्मको ठूलो उपलब्धि हो । यस सफलताले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाएको मात्र होइन, हजारौं युवा गेमरलाई पनि आफ्नो सपनालाई करियर बनाउन प्रेरणा दिएको छ ।

सामान्य गेमरबाट सुरू भएको गौतमको अन्तर्राष्ट्रिय यात्रा आज दृष्टि, समर्पण र धैर्यताको प्रतीक बनेको छ। उनले ई-स्पोर्ट्र्सलाई युवाका लागि वैध र दिगो करियर बनाउन लामो समयदेखि प्रयास गर्दै आएका छन् । यो सम्मानले नेपालमा ई-स्पोर्ट्र्सप्रति समाज र सरकारले बढ्दो मान्यता दिएको सन्देश दिएको छ, साथै आगामी दिनमा थप अवसर र लगानीको ढोका खोल्ने अपेक्षा गरिएको छ ।

# गेटामा डाक्टरको पढाइ सुरू नहुन्जेलसम्म आन्दोलन नरोक्ने संघर्ष समितिको चेतावनी



–पश्चिम नेपाल संवाददाता
धनगढी, ८ भदौ

गेटामा डाक्टरको पढाइ सुरू नहुन्जेलसम्म संघर्ष समितिले आन्दोलन नरोक्ने भएको छ। संघर्ष समितिले लामो प्रतीक्षा र संघर्षपछि गेटामा भौतिक संरचना निर्माण भएको र तत्काल प्रयोगमा आउनुपर्ने माग गरेको छ । संघर्ष समितिले विश्वविद्यालय ऐन शीघ्र कार्यान्वयन गर्न आग्रह गरेको छ । ऐनअनुसार विश्वविद्यालय सभा ओगठन, उपकुलपति, रजिस्ट्रार र अन्य पदाधिकारी नियुक्त गर्न आग्रह गरिएको छ ।

६ सय शैयाको क्षमता भएको अस्पताल भवनमा ५० शय्या चलाएर सुदूरपश्चिमेली नागरिकालाई नजिस्काउन संघर्ष आग्रह गरेको छ। 'गेटामा भौतिक पूर्वाधार तयार रहेको तथा ऐन निर्माण भएको अवस्थामा विश्वविद्यालय ऐनअनुसार नियमावली निर्माण गरिनुपर्छ। पदाधिकारी नियुक्त गर्न, कम्तिमा तीन सय शय्याको अस्पताल चलाएर र एमबीबीएसको पढाई सुरू गर्नुपर्छ,' संघर्ष समितिका सदस्य बिनोद विष्टले भने ।

गेटामा मेडिकल कलेज स्थापना हुनुपर्ने कुरा सर्वप्रथम २०४८ सालमा उठेको हो। २०५६ सालमा शङ्कराचार्यले मेडिकल कलेज भवनको शिलान्याश समेत गरेका थिए। कैलाली उद्योग वाणिज्य संघले २०६३ सालदेखि औपचारिक रुपमै गेटामा मेडिकल शिक्षाको पढाइ हुनुपर्ने माग राख्दै आएको छ । अहिले विश्वविद्यालय सञ्चालनका लागि कानुन र भौतिक संरचना निर्माण भएको अवस्था हो । सरकारले ६ सय शैयाका लागि निर्माण गरेको अस्पताल भवनमा ५० शय्याको सामान्य अस्पताल चलाएर सुदूरपश्चिमेली नागरिकलाई जिस्काउन खोजेको गुनासो गरिएको छ । ६ सय शय्याको क्षमता भएको अस्पताल भवनमा ५० शय्या चलाएर सुदूरपश्चिमेली नागरिकालाई सरकारले जिस्काउन नहुने संघर्ष समितिका सचिव धर्म कुँवरले बताए। '६ सय शय्याको अस्पतालमा ५० शैयाको अस्पताल चलाएर सुदूरपश्चिमका जनताको आँखामा छारो हाल्न खोजिएको छ । क्लिनिक जस्तो अस्पताल चलाएर सुदूरपश्चिमेली जनतालाई नजिस्काउन सरकारसँग आग्रह छ,' संघर्ष समितिका सचिव कुँवरले भने। गेटामा डाक्टर अर्थात् एमबीबिएसको पढाइ सुरू नगर्दासम्म संघर्ष समितिले आन्दोलन स्थगित नगर्ने जनाएको संघर्ष समितिले जनाएको छ । गेटामा करिब ७ अर्बको लागतमा ७७ बिघा क्षेत्रफलमा ४३ भन्दा बढी भवन निर्माण भएका छन्। सरकारले सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन गर्न ऐनसमेत निर्माण गरेको छ। विश्वविद्यालय संघर्ष समितिले ऐनमा उल्लेख प्रावधानअनुसार काम गर्न संघीय सरकार लाई खबरदारी गर्दै आएको छ। देशका अन्य भागमा मेडिकल कलेज, स्वास्थ्य विज्ञान प्रतिष्ठान र ठुला अस्पताल सञ्चालन गरेको नेपाल सरकारले सुदूरपश्चिममा भने सुविधासम्पन्न अस्पतालसम्म चलाएको छैन। तसर्थ गेटामा सेतो एप्रोन लगाएर विद्यार्थीहरूले एमबीबीएस अध्ययन गर्ने वातावरण नबन्दासम्म आन्दोलन गरिरहने संघर्ष समितिका संयोजक लोकराज पाण्डे 'आगो' ले बताए ।

गेटामा निर्माण भएका भवनहरू लामो समयदेखि प्रयोगविहिन छन् । सरकारले स्वास्थ्य चौकी सरहको अस्पताल सञ्चालन गर्नुभन्दा विश्वविद्यालय ऐन कार्यान्वयनमा ध्यान दिनुपर्ने आग्रह गरिएको छ।

# ५६ वर्षअघि निर्माण गरिएको सिँचाइ आयोजना अलपत्र

–पश्चिम नेपाल संवाददाता
धनगढी, ८ भदौ



कैलालीको कैलारी गाउँपालिका-२ कुकुर भुक्कामा झन्डै ५६ वर्षअघि निर्माण गरिएको गुर्गी सिँचाइ आयोजना अलपत्र परेको छ। आर्थिक वर्ष २०६२/६३ मा बनाइएको पक्की बाँध २०६४ सालमा आएको बाढीले भत्काएपछि सो आयोजना हालसम्म अलपत्र परेको हो ।

गुर्गी सिँचाइ आयोजना निर्माणका लागि बर्सेनि बजेट विनियोजन हुँदै आए पनि निर्माण अघि बढ्न सकेको छैन । पानीको स्रोत सुनिश्चित नभएका कारण बजेट फ्रिज हुँदै आएको सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय धनगढीले जनाएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारले आयोजनाका लागि आव २०७५/७६ मा २० लाख र प्रशासनिक खर्चका लागि कैलारी गाउँपालिका कार्यालयले रु एक लाख ५० हजार ?रुपैयाँ विनियोजन गरेको थियो। आव २०७९/८० मा योजना निर्माणको प्रक्रिया अघि बढाउन प्रदेश सरकारले ६ करोड रुपैयाँ विनियोजन गरे पनि खर्च हुन नसकेर फ्रिज गएको थियो । आव २०८०/८१ मा १२ करोड विनियोजन गरेको प्रदेश सरकारले २०८१/८२ मा पाँच करोड रकम विनियोजन गरिए पनि खर्च हुन नसकेर फ्रिज भएको जनाइएको छ ।

आयोजना अघि बढाउन हरेक वर्ष बजेट विनियोजन गरिँदै आए पनि पानीको स्रोत सुनिश्चितता नभएकाले आयोजना निर्माणका लागि पुनः डीपीआर तयार गर्नुपर्ने जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका इन्जिनियर टेकराज विनाडीले बताए। उनले आव २०८१/०८२ मा कार्यालयले आयोजनालाई ठेक्का प्रक्रियामा लैजान ४४ करोड रुपैयाँ लागत अनुमानको प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पेस गरेको भए पनि मन्त्रालयले ३० करोड लागत अनुमानको प्रतिवेदन स्वीकृत गर्दा ठेक्का सम्झौता कार्य अघि बढ्न नसकेको बताए । उनले सो आयोजनाको डिपिआरका लागि बजेटको माग गरिएको बताउँदै बजेटको सुनिश्चितता भएपछि डिपिआरको काम अघि बढ्ने जानकारी दिए। झन्डै दुई दशकअघि भत्केको बाँध अहिलेसम्म बन्न नसकेपछि किसान नहरको पानी उपभोग गर्नबाट वञ्चित हुँदै आएको स्थानीय दयाराम चौधरीले बताए । वर्षौं पुरानो सिँचाइ आयोजनामध्ये गुर्गी सिँचाइ आयोजनाको बाँध २०२६ सालमा तत्कालीन जमिनदार रामदिन महतो, छिमानन्द र देशराज महतोले आफ्ना रैतीमार्फत बनाएको बताइन्छ। आव २०६२/६३ मा पक्की बाँध बनाइए पनि २०६४ सालमा आएको बाढीले आयोजनाको बाँध भत्काएपछि सो आयोजना निर्माणको काम अहिलेसम्म अघि बढ्न नसकेको चौधरीको गुनासो छ।

आयोजना बन्द भएर नहरसमेत अतिक्रमण भएपछि कैलारीका वडा नं १, २, ५ र ७ वडाका किसानले सिँचाइ अभावमा किसानले अकासे पानी र बोरिङको भरमा खेतीपाती गर्नुपर्ने बाध्यता छ। जिल्लाकै नमुना रहेको यो योजनाबाट झण्डै ६ हजार बढी किसान लाभान्वित हुँदै आएका थिए। बाढीले योजनाको बाँध भत्काएपछि आकाशे पानीको भर पर्नुपरेको किसानको गुनासो छ। उक्त सिँचाइ योजनाबाट एक हजार ४०० भन्दा बढी हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको जनाइएको छ ।

सिँचाइ विकास डिभिजन कार्यालयको सर्भेअनुसार योजनाको लागत ४४ करोड रुपैयाँ अनुमान गरिएको छ भने एक हजार ८०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ। योजनाबाट कैलारी-१ का बिसनपुर, लवलपुर, मनाउ, हरिनगर , डम्मरा गाउँ, वडा नं ५ का सडकपुर, पबेरा, गोब्रैला, जग्दहवा, मनिकापुर, बैसपुर गाउँ र वडा नं ७ का रतनपुर, सिउपुर, नारायणपुर, वसन्ता, छटकपुर वसन्ता, भुँइयाफाटा, रामपुर गाउँका किसान लाभान्वित हुने जनाइएको छ ।

यसैगरी सुदूरपश्चिम प्रदेशसभाअन्तर्गतको संसदीय उपसमिति अर्थ, विकास तथा प्राकृतिक समितिले एक हप्ताअघि सो बाँधको स्थलगत अनुगमनपश्चात् सार्वजनिक सुनुवाइ गरेको थियो । आयोजना ढिलाइ सम्बन्धमा समितिले सो क्षेत्रका किसानसँग सुनुवाइ कार्यक्रम शुरु भए लगत्तै स्थानीय किसानले कार्यक्रम नै बहिस्कार गरेको प्रदेशसभा सदस्य शिवसिं वलीले जानकारी दिए।

छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस ।
बेस 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग

## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय क्याम्पस
# शिक्षाशास्त्र केन्द्रीय विभाग
महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

मिति २०८२/०४/२०

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिलः

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

नोटः
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

आवश्यक प्रमाणपत्रहरुः
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

Marching towards Perfection
MORNING GLORY
SECONDARY SCHOOL
ADMISSION OPEN FOR GRADE XI-2082



SMART TECHNOLOGY
DYNAMIC TEAM WORK
BEST QUALITY EDUCATION
CREATIVE LEARNING
ADVANCED PROGRAM



Our Features:
- Innovative Teaching Methods
- Multimedia Classes
- Free Extra Classes Throughout the year
- Educational Excursion Programs
- Orientation of MBBS, Engineering, CA
- Experienced Teachers
- Updated Laboratories



SCIENCE | MANAGEMENT | LAW
Bheemdatt Municipality-18, Janakitole, Kanchanpur
+977 99 520666, 524772
morningglory.edu.np
glorymng30@gmail.com

# महाकाली सामुदायिक वनले आयमूलक कार्यक्रममा लगानी बढाउँदै

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ भदौ**

कृष्णपुर नगरपालिका-६ वञ्जरियास्थित महाकाली सामुदायिक वनले वन पैदावारको आम्दानीलाई समाज विकास र पूर्वाधार निर्माणका क्षेत्रमा उपयोग गर्दै आएको छ।

वन उपभोक्ताको सक्रियता र संस्थाको लगानीमा पूर्वाधार निर्माणसँगै आयमूलक कार्यक्रम सञ्चालन गरिने भएको हो। सामुदायिक वनका अध्यक्ष वीरबहादुर राजवंशीका अनुसार दाउरा, काठ, घाँसलगायत वन पैदावार बिक्रीबाट आएको रकम सामाजिक र संस्थागत विकासका क्षेत्रमा खर्च गरिएको हो।

वन क्षेत्रभित्र पस्ने बालुवाको उचित व्यवस्थापनका लागि खोलामा जनश्रमदानसहित करिब ३४ लाखको लागतमा पक्की पुल निर्माण गरिएको उनले जानकारी दिए। धार्मिक तथा सांस्कृतिक महत्त्वलाई ध्यानमा राख्दै करिब छ लाखको लागतमा कालिका र वनदेवीका दुई वटा मन्दिर निर्माण भइरहेको उनले जानकारी दिए।

वन कार्यालय परिसरमा विश्राम स्थल (प्रतीक्षालय) निर्माण गरिएको छ। नदीले भूक्षय गर्दै आएको क्षेत्रमा तटबन्ध र टेवा पर्खाल निर्माण गरिएको जनाउँदै उहाँले माटो भरानमार्फत जमिनलाई सुरक्षित राख्ने कार्य गरिएको बताए।



'वन क्षेत्रलाई अतिक्रमण र अवैध प्रवेशबाट जोगाउन एक दशमलव पाँच किलोमिटर क्षेत्रमा मेसवायर तारजाली लगाइएको छ भने पर्यटकीय दृष्टिले आकर्षक बनाउन वन पथ निर्माण गरिएको छ। यसले वन गस्तीलाई पनि सहज बनाएको छ', उनले भने।

उपभोक्ताको आयआर्जन बढाउन सामुदायिक वनले विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको अध्यक्ष राजवंशीले जानकारी दिए। उनका अनुसार दुना-टपरी बनाउने, लहेङ्गा-चोलिया सिलाउने, वेतबाँसका सामग्री निर्माण गर्नेलगायत तालिम दिइएको छ। यी तालिमबाट सीप सिकेका उपभोक्ता हाल आयआर्जनमा संलग्न हुन थालेका उनको भनाइ छ। युवालाई खेलकुदतर्फ आकर्षित गर्न खेल सामग्री उपलब्ध गराइएको अध्यक्ष राजवंशीले बताए। खेलसम्बन्धी सामग्री प्राप्त भएसँगै स्थानीय युवामा सकारात्मक प्रभाव पारेको सामुदायिक वन उपभोक्ता बताउँछन्। महिला सशक्तीकरण तथा क्षमता अभिवृद्धिका कार्यक्रमलाई सशक्त बनाउन वनले आगामी वर्षदेखि थप तालिम सञ्चालन गर्ने योजना बनाएको वनका अध्यक्ष राजवंशीले जानकारी दिए।

विशेष गरी विपन्न, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका वर्गलाई लक्षित गरी मौरीपालन, बाख्रापालन, भैंसीपालन, उन्नत जातका गाईपालन र बेमौसमी तरकारी खेती सम्बन्धी तालिम दिने योजना बनाइएको उनले उल्लेख गरे।

साथै समूह व्यवस्थापन, नेतृत्व विकास, तरकारी उत्पादनका लागि उत्पादनमुखी अनुदान र आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको छ। यसका लागि सामुदायिक वनले घुम्ती कोषको व्यवस्था गरेको छ। महाकाली सामुदायिक वन १९७ दशमलव ५७ हेक्टर क्षेत्रफलमा फैलिएकामा करिब एक हजार १६३ उपभोक्ता आश्रित छन्।

वन उपभोक्ताको सक्रियतामा सञ्चालन भएका कार्यक्रमले सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याइरहेको सामुदायिक वनका पदाधिकारीहरू बताउँछन्।

# विद्यालय शिक्षा ऐन बिरुद्ध निजी विद्यालयका संचालक मात्रै होईन...

अघि सारेर देशभर आन्दोलनमा उत्रिएको जनाएको छ। प्याब्सन कञ्चनपुरका अध्यक्ष महादेव भट्टले केन्द्रीय कार्यक्रम अर्न्तरगत आइतबार पालिका, जिल्ला, प्रदेश र केन्द्रीय समितिविच छलफल गरेर आगामी दिनमा थप आन्दोलनका कार्यक्रम गर्ने बारे एकमत भएको बताए। ९ भदौं केन्द्र र प्रदेश सभा अगाडी बिरोध प्रर्दशन, भदौं ११मा जिल्ला, प्रदेश र केन्द्रमा सरोकारवालासग छलफल गर्ने, १२ भदौं देशभर प्रशासनमा ध्यानाकर्षण सहित बिरोध प्रर्दशन गर्ने संघर्षका कार्यक्रम रहेका छन। गत शुक्रबार जिल्लामा पनि स्कुले बस सहित संचालक, शिक्षक, कर्मचारीहरुको उपस्थितिमा बिरोध प्रर्दशन गरिएको थियो। एनप्याब्सन कञ्चनपुरका अध्यक्ष सत्येश बहादुर चन्दले निजी विद्यालयमाथि राज्यले अन्याय गरेपछि विगतका बर्षहरु जस्तै यस बर्षपनि आन्दोलनमा उत्रिएको बताए। शैक्षिक गुणस्तर प्रदान गर्दै आएका निजी विद्यालयमाथि सरकारबाट अन्याय भएको हुँदा बाध्य भएर आन्दोलनमा उत्रिनु परेको बताए। प्याब्सन नेपालका केन्द्रीय सदस्य अम्मराज भट्टले विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिनुपर्ने जोडदिनुपर्ने बताए। उक्त समय सीमाभित्र भद्र रूपमा गरिएको आन्दोलन, सचेतना, ज्ञापनपत्र बुझाउने, अन्तरक्रिया र छलफलबाट निकास ननिस्किए अब विद्यालय बन्दसम्म गरेर आन्दोलनमा उत्रिने चेतावनी दिएका छन। निजी विद्यालयका संचाकलहरुले भविष्य नै डामाडोल गर्ने गरेर काँग्रेस, एमाले नेतृत्वको सरकारले ल्याएको विधेयक खारेजीको विकल्प नभएको बताईरहेका छन।


## के तपाईलाई थाहा छ ?

**–हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि। –तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ। –पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ।**
**–साथै विश्वका सम्पूर्ण देशहरुबाट समान** (Parcle) **नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने।**

जिल्ला हुलाक कार्यालय कञ्चनपुर



जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

## नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क
जनज्योति बहुमुखी क्याम्पस
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३


## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको वेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार)। |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार)। |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि। |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ। अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।

रजिस्ट्रार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## भिमदत्त वहुप्राविधिक शिक्षालय

Email:bdpipatan@gmail.com
फोन न. ०९९ ४०००१४

पत्र संख्या : २०८२/०८३

मिति २०८२/०५/०६

**विषय :- डिप्लोमा तहको पूर्णशुल्कीय तर्फ डिप्लोमा इन फार्मेसी कार्यक्रमको भर्ना सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको प्रवेश परीक्षा सम्बन्धि मिति २०८२/०४/०६ गतेको प्रकाशित सूचना अनुसार शैक्षिक सत्र २०८२/०८३ को भर्नाका लागि यस भिमदत्त वहुप्राविधिक शिक्षालयको डिप्लोमा इन फार्मेसी कार्यक्रममा मिति २०८२/०४/२६ गते सम्म अनलाइन आवेदन फाराम भरेका प्रशिक्षार्थीहरुको GPA को आधारमा योग्यताक्रम अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सुदुरपश्चिम प्रदेश कार्यालयबाट मिति २०८२/०५/०५ गतेको नतिजा प्रकाशन सम्बन्धि सूचना बमोजिम मुख्य उम्मेदवारको रुपमा छनौट भइ भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८२/०५/१६ गते कार्यालय समय भित्र तपसिल अनुसारका सक्कलै कागजात ल्याई भर्ना हुन आउन भनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

२०८२/०५/०६

जीवन दत्त पन्त
शिक्षालय प्रमुख

ल्याउनु पर्ने कागजातहरु :-

१. नेपाली नागरिताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. लक्षित वर्गबाट छनोट भएकाको हकमा सो वर्ग खुल्ने कागजात ।
३. सक्कलै शैक्षिक योग्यताका प्रमाण पत्र चारित्रीक प्रमाण पत्र मार्कसिट वा नेटको मार्कसिट भए SEE को प्रवेश पत्र ।
४. पासपोर्ट साईजको फोटो २ वटा ।
५. पाटन वैतडी कृषि विकास बैंकमा भिमदत्त वहुप्राविधिक शिक्षालयको नाममा रहेको तपशील अनुसारका खाताहरुमा रकम जम्मा गरेको सक्कलै अलग-अलग २ वटा बैंक भौचर ।

| कार्यक्रम | आर्जन कोष खाता नं. ०८२३९०१२९४५८७०३१ | धरौटी खाता नं. ०८२३९०१२९४५८७०४१ | जम्मा शुल्क | कैफियत |
|---|---|---|---|---|
| डिप्लोमा इन फार्मेसी | रु १९८५० (शैक्षिक शुल्क) | रु ५००० | रु २४,८५० | |

नोट :-

जेहेन्दार छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीको हकमा धरौटी बापतको रकम मात्र जम्मा गरि बैंक भौचर पेश गर्नुपर्ने छ ।

सुदुरपश्चिम विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
डीनको कार्यालय

# स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ **Bachelor of Arts (BA)** र **Bachelor of Computer Application (BCA)** शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | **BCA** शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र **BA** शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | **BCA** शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा **D** ग्रेड सहित न्यूनतम १.८ **CGPA** प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार **C** ग्रेड सहित न्यूनतम २ **CGPA** प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । **BA** शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा **BA** शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा सम्पर्क गर्न सकिनेछ ।*

**प्रा. डा. राजेन्द्र प्रसाद भट्ट**
डीन

Admission Open for BBS



Apply Now!

Spot Entrance

Form Distribution: From 2082/04/20
Class Started: From 2082/05/11

**Features**

- Experienced Faculty
- Digital Classroom
- Job Placement Support
- Well-equipped Computer Lab
- Huge Scholarship
- Well Furnished Reading Room
- Pure Drinking Water
- Health Checkup, Change Room
- Sports
- Huge Seminar Hall
- ECA & CCA
- Job Placement Support
- Internship
- Free Wi-Fi Zone
- CCTV Surveillance
- 24/7 Security Guard on Duty

**Scholarship**

- 100% to Board Topper
- 100% to who secure "A+" grade in NEB
- 100% to youngest student of 3 brothers and sisters of same parents
- 50% to the student who are sisters and brothers of same parents
- 50% to Orphans
- 20% to the Female
- 20% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
- 20% to Dalit, Janajati, Aadibasi
- 20% to who secure "A" and "B+" grade in NEB

Limited Seat

**Kanchan Vidhya Mandir Samudayik College**
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711

सुदूरपश्चिम विश्वविद्यालय
**विज्ञान तथा प्रविधि संकाय**
**कम्प्यूटर विज्ञान तथा सभा प्रविधि केन्द्रीय विभाग**
**महेन्द्रनगर कञ्चनपुर**

# सेमेष्टर प्रणाली अन्तर्गत चार वर्षे स्नातक तह B.Sc. CSIT र BIT कार्यक्रमको २०८२ सालको नयाँ भर्ना सम्बन्धि सूचना ।

*मिति : २०८२/०४।२३ गते*

यस सुदूरपश्चिम विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सेमेष्टर प्रणाली अनुसार पठन-पाठन हुने विभाग तथा सम्बन्धित क्याम्पसमा स्नातक तहमा **B.Sc.CSIT** र **BIT** प्रथम सेमेष्टरमा भर्ना हुन इच्छुक विद्यार्थीहरुका निमित्त शैक्षिक सत्र २०८२/०८३ को लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

**भर्ना/प्रवेश परीक्षा सम्बन्धि कार्यक्रम**

१. **आवेदन फारम वितरण** : २०८२ साल साउन १५ गते देखि भाद्र २५ गते सम्म विभागको कार्यालयमा आवेदन फारम भर्न सकिने छ ।
२. **प्रवेश परीक्षा शुल्क** : रु १,५००।- (परीक्षार्थीले प्रवेश परीक्षा शुल्क सु.प.वि.वि.कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभागको नेपाल बैंक लि. मा रहेको चल्ती खाता नं. १५६००१०६५२६३४८००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ ।)
३. प्रवेश परीक्षा : **B.Sc.CSIT** २०८२ साल असोज ०१ गते **समय : दिउँसो १:00 बजे**
**BIT** २०८२ साल असोज ०१ गते **समय : बिहान ११:00 बजे**
४. **परीक्षा हुने स्थान** : कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग
५. **नतिजा प्रकाशन** : २०८२ असोज ०३ गते
६. **भर्ना कार्यक्रम** : २०८२ असोज ५ गते देखी
७. **कक्षा संचालन** : २०८२ कार्तिक २३ गते देखि

नोट :

**B.Sc.CSIT मा भर्नाका लागी विज्ञान बिषय** लिई कक्षा **+2** उर्त्तिण (प्रत्येक बिषयमा C ल्याएको हुनुपर्ने), **Diploma in computer engineering** उर्त्तिण (प्रत्येक बिषयमा C ल्याएको हुनुपर्ने ।

**BIT को हकमा कक्षा १२ मा न्यनतम D** ग्रेड (**1.8 CGPA**) ल्याई जुनसुकै संकायबाट अध्ययन गरेको भएपनि न्युनतम १०० पूर्णाङ्कको गणित वा कम्प्युटर विज्ञान विषय अध्ययन गरेको हुनुपर्ने छ ।

**कर्ण देव भट्ट/विभागीय प्रमुख**

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. के उत्कृष्ट कलेज

ADMISSION OPEN! 100% JOB PLACEMENT

+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE



SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ ।

Hotel Management
Courses
- F & B Service
- F & B Production (Cook)
- Bartender/Sushi Training
- Barista Coffee Training
- Housekeeping

50% SCHOLARSHIP FOR GIRLS

Bheemdatt-18, Janakitole (Near Florida School) Mahendranagar, Kanchanpur

099-520086, 9848857933, 9865691710

APEX GODAWARI ACADEMY

# सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

*मिति : २०८२।०४।१८*

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (**BBA , BHM** र **BBS**) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | |
| प्रश्नपत्रको संरचना | | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | |

*नोट : **BBA** र **BHM** का हकमा रु १५०० र **BBS** का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा.नं. **15600106688945000001** मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७